# अर्थतन्त्र सुधारका लागि डेढ दर्जन कानुन बाधक

**नेपाल समाचारपत्र, काठमाडौं**

संरचनागत सुधार, कानुन परिमार्जन, वित्तीय अनुशासन तथा आर्थिक वृद्धिको मार्गचित्र प्रस्तुत गर्दै उच्चस्तरीय आर्थिक सुझाव आयोगले सरकारलाई आफ्नो प्रतिवेदन पेश गरेको छ।

प्रतिवेदनमा नागरिक र व्यवसायीको आर्थिक स्वतन्त्रता कुण्ठित गर्ने, लागत बढाउने, अनावश्यक नियन्त्रण गर्ने तथा वर्तमान सन्दर्भमा असान्दर्भिक भइसकेका विभिन्न १५ वटा कानुन खारेज गर्न र राजस्व अनुसन्धान विभाग हटाउन सुझाव दिएको छ।

आयोगले राजस्व अनुसन्धान विभागलाई 'अनावश्यक, दोहोरो भूमिका खेल्ने र निजी क्षेत्रमैत्री नभएको' भन्दै खारेज गर्नुपर्ने ठहर गरेको छ। विदेशी मुद्रा अपचलनजस्ता मुद्दाहरू सम्पत्ति शुद्धीकरण विभागले सम्हाल्न सक्ने, भन्सार र आयकरसम्बन्धी मुद्दा सम्बन्धित विभागमा जिम्मा दिन सकिने र व्यावसायिक कारोबारको निगरानी आन्तरिक राजस्व विभागले गर्न सक्ने अवस्था भइसकेकाले राजस्व अनुसन्धान विभागको भूमिका अब अर्थहीन रहेको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै उत्पादनमूलक, लघु तथा निर्यातमुखी व्यवसायहरूलाई ३-५ वर्षको अवधिका लागि स्थिर ब्याजदरमा कर्जा उपलब्ध गराउने नीति लिनुपर्ने आयोगको सुझाव छ। यस्तो व्यवस्था नेपाल राष्ट्र बैंकले नियामकको रूपमा गर्नुपर्ने उल्लेख गरिएको छ। कर्जा प्रवाह, क्रेडिट स्कोरिङ र सहुलियतपूर्ण कर्जा प्रणालीमा सुधारका लागि स्थानीय सरकारको भूमिका आवश्यक भएको प्रतिवेदनमा उल्लेख छ।

आयोगले जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता उमेर ७० वर्षबाट मात्रै सुरु गर्नुपर्ने सिफारिस गरेको छ। हाल ६८ वर्षको प्रावधानलाई संशोधन गर्दै भत्ता वृद्धिलाई पाँच वर्षसम्म रोक्ने र त्यसपछि मूल्यवृद्धिअनुसार प्रत्येक दुई वर्षमा मात्र समायोजन गर्ने नीति लिन सुझाव दिइएको छ।

त्यस्तै, भत्ताको दोहोरो वितरण रोक्न सामाजिक सुरक्षा प्रणालीलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्ने, निजी वा विदेशी संस्थाबाट नियमित निवृत्तिभरण लिनेहरूलाई राज्यबाट भत्ता नदिनुपर्ने स्पष्ट उल्लेख गरिएको छ।

दिगो आर्थिक वृद्धि नहुने हो भने देश 'लोअर-मिडल इनकम ट्र्याप' मा फस्ने खतरा आयोगले औंल्याएको छ। अर्थतन्त्रको संरचनामा आमूल परिवर्तन बिना उच्च वृद्धि सम्भव नहुने स्पष्ट गर्दै आयोगले दोस्रो चरणको संरचनात्मक सुधारको आवश्यकता औंल्याएको छ।

प्रत्येक दिन औसत २ हजार २०० युवा रोजगारीका लागि र ३०० विद्यार्थी अध्ययनका लागि विदेशिने क्रममा तीन वर्षमै २४ दशमलव ७ लाखले देश छाडेको तथ्यांक उल्लेख गर्दै आयोगले नेपाल 'बृद्धाश्रम' मा परिणत हुने खतरा रहेको चेतावनी दिएको छ।

त्यस्तै बैंकिङ क्षेत्रमा कर्जाको वृद्धि दर घटेर ५ दशमलव ३ प्रतिशतमा सीमित रहँदा पनि खराब कर्जा वृद्धि भैरहेको उल्लेख छ। सहकारी संस्थामा करोडौं जनताको बचत फसेको र निकासीको अवस्था गम्भीर रहेको जनाइएको छ।

नेपालको अर्थतन्त्रमा देखिएको शिथिलता केवल माग-पक्षीय उपायले हल नहुने भन्दै आयोगले आपूर्ति-पक्षीय संरचनात्मक सुधारमा जोड दिएको छ। सरकारी खर्च, नीतिगत अनिश्चितता र वित्तीय अनुशासनका विषयमा सुधार नगरी दीर्घकालीन वृद्धि सम्भव नहुने स्पष्ट गरिएको छ।

पूर्वअर्थसचिव रामेश्वर खनालको संयोजकत्वमा गठित आयोगले करिब छ महिना लगाएर आर्थिक वर्ष २०७८/७९ देखि देशको अर्थतन्त्रबारेमा अध्ययन गरेर तथ्यांकहरूको विश्लेषण गरेको थियो। व्यवसायीहरू, प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधि र विज्ञहरूसँगको अन्तरक्रियासमेत गरेको आयोगले उपभोगको वृद्धि दर घट्नु र लगानीमा ह्रास आउनु अर्थतन्त्रको वर्तमान चरित्र रहेको विषय मुख्य रूपमा उठाइएको छ। त्यस्तै कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारी वित्तीय प्रणालीमा लाखौं मानिसको बचत फस्नु, सरकारले गर्नु पर्ने कतिपय भुक्तानी समयमा नगर्नू र व्यापारिक उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र संकटग्रस्त बन्न गएकाले उपभोग र लगानीमा ह्रास आएको जनाएको छ।

अर्थतन्त्रका तत्कालका समस्या समाधान गर्न माग पक्षीय नीतिहरू मात्र पर्याप्त नभएको निष्कर्ष निकाल्दै आयोगले तत्काल माग पक्षमा सुधार ल्याउने नीतिगत हस्तक्षेप आवश्यक रहेको जनाएको छ। आर्थिक वृद्धि बढाउन गर्न आपूर्ति पक्षबाट पनि संरचनात्मक सुधार गरेर लगानीयोग्य वातावरण बनाउन र उत्पादनको लागत घटाएर प्रतिस्पर्धी बनाउनुपर्ने भन्दै तत्काल विद्यमान आर्थिक शिथिलता अन्त्य गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्ने, आर्थिक अवसरहरू सिर्जना गर्ने, विश्वासमा आधारित प्रणाली निर्माण गर्ने, उपलब्ध प्राकृतिक स्रोतको दिगो तथा सर्वोत्तम उपयोग गर्ने, सीमारहित अर्थतन्त्र निर्माण गर्ने र समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धि दर बढाउनुपर्ने विषयलाई आयोगले प्राथमिकता दिएको छ।

आर्थिक वृद्धिका क्षेत्रहरू कृषि, वन, जमिन, खानी, जलस्रोत, पर्यटन र सूचना प्रविधिको क्षेत्रमा रहेका अवरोध कम गर्न र ती क्षेत्रमा अवसर विस्तार गर्न आयोगले सुधारका सुझाव प्रस्तुत गरेको छ। भूराजनीतिक अवस्थितिले सिर्जना गरेका सीमाहरूलाई चिर्दै विश्व अर्थतन्त्रबाट लाभ लिन दृढ इच्छाशक्ति सहित नवीन ढंगले काम गर्नु पर्ने र सीमारहित अर्थतन्त्र निर्माणमा जोड दिनु पर्ने आयोगको धारणा रहेको छ।

# औद्योगिक क्षेत्रमा आगलागी

**काठमाडौं, (नेस)**

बालाजुस्थित औद्योगिक क्षेत्रमा शनिबार दिउँसो आगलागी भएको छ। आगलागीको खबर पाउनासाथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र काठमाडौं महानगरपालिकाको बारुण यन्त्रसहितको टोली घटनास्थलमा खटिएको थियो। प्रहरीका अनुसार दमकलसहित सुरक्षाकर्मीको टोलीले एक घण्टा लगाएर आगो नियन्त्रणमा लिएका थिए।

बालाजु औद्योगिक क्षेत्रभित्र रहेको गोदावरी प्रिन्टिङ प्रेसमा लागेको आगो करिब १० वटा दमकलको संयुक्त प्रयासपछि नियन्त्रणमा लिइएको हो। शनिबार बालाजु मेला भएको प्रहरी उच्च सतर्कतामा रहेकाले आगलागीको जानकारी पाउना साथ प्रहरी परिचालित भएको थियो। आगलागीको कारण भने अहिलेसम्म खुल्न सकेको छैन। घटनाबाट क्षतिको थप विवरण संकलन भइरहेको प्रहरीले जनाएको छ।

# महालक्ष्मी विकास बैंकको नयाँ वष अफर




**काठमाडौं, (नेस)**

महालक्ष्मी विकास बैंकले नयाँ वर्ष २०८२ को अवसरमा ७.९९ प्रतिशत ब्याजदर घर कर्जा प्रदान गर्ने भएको छ।

उक्तकर्जा वातावरणीय विशेषता पुष्टि गर्न सक्ने तथा नवीकरणीय वा दिगो स्रोतहरुको प्रयोग गरिएको हुनुपर्दछ। यस्तो कार्यबाट वातावरण संरक्षण गर्न, दिगो विकासको प्रबर्द्धन गर्न तथा नेपाल राष्ट्र बैंकको नियामकीय निर्देशनको पालना गर्नसमेत सहयोग पुग्ने विश्वास बैंकले लिएको छ। ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ सुविधा उपलब्ध गराइरहेको महालक्ष्मी विकास बैंकले हालै मात्र भारतको 'विजनेश कनेक्ट' बाट ग्राहक केन्द्रित बैंकको अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरेको छ।

# नयाँ वर्षमा टाटाको एक्सचेन्ज उत्सव




**काठमाडौं, (नेस)**

नेपालका लागि टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले नयाँ वर्षको अवसरमा 'नयाँ वर्ष २०८२ एक्सचेन्ज उत्सव'को घोषणा गरेको छ। उक्त उत्सव वैशाख २ गतेसम्म सञ्चालन हुने छ। उक्त योजनाअन्तर्गत जुनसुकै ब्रान्डका पुराना गाडी साटेर टाटा ब्रान्डका प्यासेन्जर श्रेणीअन्तर्गत टियागो ईभी, पन्च ईभी, नेक्सन के ३ ईभी र कर्भ ईभी एक्सचेन्ज गर्न सकिने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार नयाँ वर्ष २०८२ एक्सचेन्ज उत्सव'मा आफ्नो पुरानो गाडी दिएर टाटाको नयाँ ईभी खरिद गर्ने ग्राहकहरूले २० प्रतिशत डाउन पेमेन्टमै गाडीहरू खरिद गर्न सक्नेछन्। यसरी खरिद गर्दा खरिदकर्ताले आकर्षक एक्सचेन्ज बोनस, एक्सेसरिज, सिप्रदीको चार्जिङ नेटवर्कमा लाइफ टाइम नि:शुल्क चार्जिङ, नि:शुल्क चार्जिङ बक्स (जडानसहित) एवं नि:शुल्क एभीटीसहित हरेक बुकिङमा आकर्षक उपहार पनि प्राप्त गर्न सक्नेछन्।


**सुन्दरहरैंचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिराटचोक, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृती आशयको सुचना**

**(सुचना प्रकाशन मितिः २०८१/१२/३१)**

यस कार्यालयको मिति:२०८१/११/१२ गते सौर्य र मिति:२०८१/११/२१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आब्हान सम्बन्धी सुचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रदाताका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरीने भएको ले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजानार्थ सम्बन्धित सबैको जानकरीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| बोलपत्रको विवरण | स्वीकृतका लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र पि.एस.समेत) |
|---|---|---|
| SHM/MOR/NCB/W/28/2081/082, Construction of Truss Building in Second floor of Shree shikshya Niketan Ma. Vi., | अस्मित कन्स्ट्रक्सन एण्ड सप्लायर्स, प्रा.लि.,मिर्चैया ०६ सिराहा | रु.३१७४३६७/९८ (रु एकतिस लाख चौरहत्तर हजार तिनसय सटसट्ठी रुपैया अन्ठानब्बे पैसा मात्र) |
| SHM/MOR/NCB/W/29/2081/082, Construction of Blacktopped Road of Madhyali Marga, Sundarharaicha-07 | अर्थ मेकर एण्ड ट्रेडिङ, सुन्दरहरैंचा ०९ मोरङ | रु.६६३६०४९/७० (रु छैसट्ठी लाख छत्तिस हजार उनान्पचास रुपैया सत्तरी पैसा मात्र) |
| SHM/MOR/NCB/W/30/2081/082, Gachhiya Khola River Training Works, Sundarharaicha-06&07 | गोपाल निर्माण सेवा,गढी ०३ सुनसरी | रु.४२००७७१/०० (रु बयालिस लाख सातसय एकहत्तर रुपैया मात्र) |
| SHM/MOR/NCB/W/31/2081/082, Construction of RCC Box Culvert in Sukuna Khola Rupatar-Sanjivani Marga, Sundarharaicha 10 | उदय निर्माण सेवा,कोसी ०२ सुनसरी | रु.२१११०४९/०३ (रु एक्काइस लाख एघार हजार उनान्पचास रुपैया तिन पैसा मात्र) |
| SHM/MOR/NCB/W/32/2081/082, Chariguwa Kapbasti Budhi Khola River Training Works, Sundarharaicha-04 | अर्थ मेकर एण्ड टडिङ,सुन्दरहरैंचा ०९ मोरङ | रु.१८२४१७४/२० (रु अठार लाख चौबिस हजार एकसय चौरहत्तर रुपैया बिस पैसा मात्र) |
| SHM/MOR/NCB/W/40/2081/082, Blacktop Road Blacktop Road Maintenance Works (Belepur-Sukrab-are Road Ward 11, 12 and Pokhrel Kirana Purba Road no.06 Ward 12) | पुष्पाञ्जलि कन्स्ट्रक्सन, बिराटनगर ०१, मोरङ | रु.५३३६२२९/८० (रु त्रिपन्न लाख छत्तिस हजार दुइसय उनान्तिस रुपैया असी पैसा मात्र) |

**प्रमुख प्रशासकिय अधिकृत**